# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


## युवा सहजकर्ता पदको दरखास्त आह्वान गरिएको सूचना !

**(दोस्रो पटक प्रकाशन मितिः २०८१/०७/३० गते)**

महिलाको श्रम बजारमा पहुँच अभिवृद्धि गर्न, पुनः प्रवेश प्रक्रियामा सहजीकरण गर्न र श्रम बजार सम्बद्ध सीप तथा क्षमता विकासमा टेवा प्रदान गरी दक्ष जनशक्ति आपूर्ति गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न यस चौरजहारी नगरपालिकामा महिला लक्षित रोजगारीको लागि तयारी क्लव सञ्चालन गर्न **'युवा सहजकर्ता'** खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएका योग्यता पुगेका इच्छुक नेपाली नागरिक (महिला) हरूले आवश्यक कागजात सहित यस चौरजहारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दरखास्त पेस गर्न २०८१ असोज १५ गते पहिलो पटक गरिएको विज्ञापनमा रोजगारीका लागि महिला लक्षित क्लव सञ्चालन सम्बन्धी मापदण्ड, २०८१ बमोजिम रितपूर्वक दरखास्त पेस नभएकोले दोस्रो पटक विज्ञापन आह्वान गरिएको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह | माग सङ्ख्या |
|---|---|---|---|
| १ | ००१-२०८१/०८२ | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभव**

(क) प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) सामाजिक परिचालन वा सञ्चार वा श्रम बजार सम्बद्ध वा जीवनोपयोगी सीप तथा क्षमता विकास सम्बन्धी प्रशिक्षकको रुपमा कम्तीमा एक वर्षको अनुभव भएको,

(ग) नियुक्तिको लागि आवेदन दिने अवधि सम्म १८ वर्ष पूरा भइ ५० वर्ष ननाघेको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा गरेको,

(ङ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय नभएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**२. दरखास्त दिने स्थान :** चौरजहारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम)

**३. दरखास्त दिने अन्तिम मिति :** २०८१ मङ्सिर १४ गते कार्यालय समयभित्र ।

**४. आवेदन दस्तुर :** रु. ५००।-

**५. छनोटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

**६. आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरू :** आवेदक स्वयंले प्रमाणित गरेको कागजातहरूको प्रतिलिपीहरू

(क) नागरिकताको प्रमाणपत्र (ख) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (ग) अनुभवको कागजात

(घ) तालिमको प्रमाणपत्र (ङ) पासपोर्ट साइजको फोटो

**७. सेवा सुविधा :** रोजगारीका लागि महिला लक्षित क्लव सञ्चालन सम्बन्धी मापदण्ड, २०८१ को परिच्छेद ४ बमोजिम हुनेछ ।

२०८१/०७/३०

शेर प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध चौरजहारी : जनउत्तरदायी सरकार"